अनुसूचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री कर्नसवा सामुदायिक वन उपभोक्ता समूह

**बारबर्दिया न.पा. ०५, धोविया, बर्दिया**

प.स.

च.नं.

मिति: २०८२/०३/०५

विषय: गोलिया काठ र दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १,(२०८१/०८२)

पहिलो पटक सुचना प्रकाशन मिति २०८२।०३।०५

श्री कर्नसवा सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८१/०८२ मा रुखहरु कटान मुछान गर्दा उत्पादित गोलिया काठ बारबर्दिया न.पा. ०५, को घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना **नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०३/०५ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं** दिन दिनको १२:०० बजे भित्रको समयमा यस कर्नसवा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. ०५, धोविया, बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

## तपसिल

१.वन पैदावारको बिवरण:-

| वन पैदावार | | | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ्ग नं. | जात | ग्रेड | किसिम | थान | परिमाण घ.फि. | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १ | १ देखि १३ सम्म | सिसौ(बृ) | A | गोलिया | ६४ | ५८१.५६ | ४०७०९२/ | काठ संकलन खर्च प्रति क्यू.फि रु.१२८/- र दाउरा प्रति चट्टा ८५०० साकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| | | सिसौ(बृ) | B | गोलिया | १९५८ | ५१८७.६४ | २५९३८२०/ | |
| | | खयर | N | गोलिया | ६१५ | ५८०.३८ | ५८०३८०/ | |
| | | जामुन | A | गोलिया | १ | ७.८८ | ३१५२/ | |
| | | जामुन | B | गोलिया | ६ | १५.६६ | ४६९८/ | |
| | | सागुन | A | गोलिया | १ | ८.६८ | ६९४४/ | |
| | | सागुन | B | गोलिया | ७४ | १९१.३९ | ११४८३४/ | |
| | | सिरिस | B | गोलिया | ७ | १३.६० | २७२०/ | |
| | | ईपिलइपिल | N | गोलिया | ५५ | ९१.१५ | ९११५/ | |
| | | गुटेल | N | गोलिया | २२५ | ३४१.३४ | ३४१३४/ | |
| | | सिसौ/टिक दाउरा | | दाउरा चट्टा | | ७ | ८४०००/ | |
| जम्मा | | | | | ३००६ | ७०१९.२८ | ३८४०८८९/ | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८२।०३।२६ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. २४०००१०६६९६४०६००००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

अनुसुचि १६
(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री कर्नसवा सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. ०५, धोविया, बर्दिया

बर्दिया
अध्यक्ष

४.बोलपत्र फारमको रु. २०००।– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र कर्नसवा सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

६.**लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।**

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०३।२६ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।